श्रीमान् प्रमुख कार्यकारी अधिकृतज्यू,
राष्ट्रिय सहकारी बैक लिमिटेड
केन्द्रीय कार्यालय कुपण्डोल, ललितपुर ।

**विषय : घरजग्गा वा जग्गा विक्रि गर्न इच्छुक रहेको सम्बन्धमा ।**

महांशय,

प्रस्तुत विषयमा त्यस बैंकको केन्द्रीय कार्यालय निर्माण प्रयोजनार्थ घरजग्गा वा जग्गा खरिदका लागि मिति २०७७/०३/११ गतेको कान्तिपुर, नागरिक, कारोबार र अन्नपुर्ण पत्रिकाहरु प्रकाशित वोलपत्र आह्वान सम्वन्धि सूचना अनुसार तपशिलमा उल्लेखित विवरण भएको मेरो हाम्रो स्वामित्वमा भएको निम्नानुसारको घरजग्गा वा जग्गा विक्रि गर्न इच्छुक रहेकोले तपशिलमा उल्लेखित शर्तहरु पूर्ण रुपमा पालना गर्ने गरी यो वोलपत्र फारम पेश गरेको व्यहोरा अनुरोध छ ।

१. फर्म /व्यक्तिको नाम : ..........................................................................

२. ठेगाना : ..........................................................................

३. स्थायी लेखा नम्बर : ..........................................................................

४. दर्ता नम्बर (भएमा) : ..........................................................................

५. विक्रि गर्न चाहेको घरजग्गा वा जग्गा : घर ☐ जग्गा ☐ घर सहितको जग्गा ☐

६. विक्रि गर्न चाहेको रकम (अंकमा) : ☐

७. विक्रि गर्न चाहेको रकम (अक्षरमा) : ..........................................................................
..........................................................................

८. विक्रि गर्न चाहेको घरजग्गा वा जग्गाको विवरण

: ........................................................

**(क) घर**

मेरो/हाम्रो आफ्नो हक भोगको ...................... जिल्ला ......................... न.पा./गा.पा. वडा नं. .... टोल/गाउँ .................... पूर्व ................. पश्चिम ................. उत्तर ................. दक्षिण ................. यति चार किल्ला भित्रको ब्लक नं. ....... को .................लम्वाई ................. चौडाई भएको ................. मोहडाको घर टहरा र घर टहराले चर्चेको कित्ता नं. ................. रोपनी ................. जग्गा र लिग लिगापात ।

**(ख) जग्गा**

| जग्गा धनीको नाम/थर | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

## घरजग्गा वा जग्गा विक्रि सम्वन्धमा थप शर्त तथा नियमहरू

- इच्छुक व्यक्ति/फर्मले आवेदन बुझाउदा राष्ट्रिय सहकारी बैंक लिमिटेडको घरजग्गा खरिद सम्बन्धी सन्ड्री क्रेडिटर्स खातामा रु.५,०००/- (फिर्ता नहुने गरी) जम्मा गरिएको सक्कल भौचर समेत संलग्न गर्नुपर्नेछ ।
- घरजग्गा वा जग्गाधनीले विक्रि गर्न चाहेको घरजग्गा वा जग्गासँग सम्वन्धित सम्पूर्ण कागजातहरु जग्गाधनी पुर्जाको प्रतिलिपि, नापी नक्सा, तिरो तिरेको रसिदको प्रतिलिपि, नेपाली नागरिकताको प्रतिलिपि, क्षेत्रफल एकीन हुने फिल्ड नापीको विवरण, ठेगाना, चार किल्ला साथै आफुले विक्रि गर्न चाहेको मूल्य समेत अंक र अक्षर दुवैमा स्पष्ट रुपमा खुलाई वोलपत्र साथ संलग्न राखेर उक्त घरजग्गा वा जग्गामा कुनै किसिमको घर किचलो, मुद्दा मामिला वा विवाद नरहेको भनी लिखितरुपमा गरेको स्वघोषणाको कागजात पेश गर्नुपर्नेछ ।
- यदि विक्रि गर्न चाहेको मूल्य अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ ।
- घरजग्गा वा जग्गा धनीले वोलपत्र पेश गर्नको लागि स्वयम् उपस्थित हुन नसकेमा मन्जुरीनामाबाट पनि वोलपत्र पेश गर्न सक्नेछ । तर त्यस्तो मन्जुरीनामा (निवेदन) एक फर्म एक व्यक्तिलाई मात्र मान्य हुनेछ ।
- पेश गर्न ल्याएको वोलपत्रको खाममा कार्यालय सम्बोधन गरी सो मा पछि सम्म फरक नपर्ने गरी आशयपत्र पेशकर्ताको नाम, ठेगाना, घर नं., टेलिफोन तथा मोबाईल नम्बर र इमेल ठेगाना भएमा सो समेत प्रष्टसँग लेखी शिलबन्दी गरीएको हुनुपर्नेछ ।
- वोलपत्र पेश गर्ने संघ/संस्था, कम्पनी वा फर्म भएको सोको दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, मुल्य अभिवृद्धि करदर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा समावेश गर्नुपर्नेछ । साथै सञ्चालक समिति भएमा सञ्चालक समितिले घरजग्गा वा जग्गा विक्रि गर्ने भनी गरेको निर्णय र साझेदारी वा संयुक्त स्वामित्वमा रहेको घरजग्गा वा जग्गा भएमा साझेदारी वा हकवालाको मञ्जुरीनामा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।
- वोलपत्रमा माथि उल्लेखित सम्पूर्ण कागजातहरु संलग्न राखी सहिछाप गरेर यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिन अर्थात मिति २०७७/०४/११ गते कार्यालय समयभित्र बैंकको केन्द्रीय कार्यालय, कार्यालय व्यवस्थापन डिभिजनमा दर्ता गराइ सक्नुपर्नेछ ।
- वोलपत्रहरु खोल्ने दिन वोलपत्र पेशकर्ता वा निजका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । वोलपत्र पेशकर्ता वा निजका प्रतिनिधिहरु उक्त दिन उपस्थित नभएमा पनि कार्यालयका प्रतिनिधिहरुको रोहवरमा प्राप्त हुन आएका वोलपत्रहरु खोलिनेछन् । वोलपत्र पेश गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो दिनको भोलिपल्ट वा कार्यालय खुलेको दिनलाई नै सो कार्य गरिने दिन मानिनेछ ।
- वोलपत्र सम्बन्धी सूचना बैंकको वेवसाइट र सूचनापाटीमा समेत टाँस गरिएको छ । वोलपत्र सम्बन्धी थप जानकारी आवश्यक परेमा बैंकको admin@ncbl.coop मा इमेल पठाई तत्कालै जानकारी लिनसक्नु हुनेछ ।
- आशयपत्र सम्बन्धी अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र बैंकको आर्थिक प्रशासन नियमावली २०६१ (तेश्रो संशोधन २०७४) अनुसार हुनेछ ।
- प्राप्त भएका वोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । रीत नपुगेका र म्याद नाघेर आएका वोलपत्रहरु माथि कुनै कारबाही गरिनेछैन ।

यो बोलपत्रमा उल्लेख भएका सम्पूर्ण शर्तहरु मलाई/हामीलाई मन्जुर छ । कुनै निकायमा गई उजुरबाजुर गर्ने छैन ।

**<u>निवेदकको</u>**

दस्तखत : ..........................................................

नाम : ..........................................................

पद : ..........................................................

ठेगाना : ..........................................................

मिति : ..........................................................

**संस्थाको छाप**